जब स्वर्गवासीहरू स्वर्गमा प्रवेश गर्छन्, अल्लाहले सोध्नेछन्: के तिमीहरूलाई अझै केही चाहिन्छ?

सुहैब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन् नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "जब स्वर्गवासीहरू स्वर्गमा प्रवेश गर्छन्, अल्लाहले सोध्नेछन्: के तिमीहरूलाई अझै केही चाहिन्छ? तिनीहरूले जवाफ दिनेछन्: के तपाईंले हाम्रो अनुहार उज्यालो पार्नुभएन? के तपाईंले हामीलाई स्वर्गमा प्रवेश गराउनुभएन र आगोबाट बचाउनुभएन? (नबीले) भन्नुभयो: अत: अल्लाह तआलाले (नूरको) पर्दा हटाउनुहुनेछ।
त्यसकारण, उनीहरूले पाएको कुनै पनि कुरा आफ्नो रब (पालनकर्ता) को दर्शन भन्दा प्यारो हुने छैन।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनु भयो, जब स्वर्गवासीहरू स्वर्गमा प्रवेश गर्नेछन्, अल्लाहले तिनीहरूलाई भन्नुहुनेछ: के तपाईंहरू अझै धेरै आशिष्हरू पाउन चाहनुहुन्छ? स्वर्गवासीहरूले जवाफ दिनेछन्: के तपाईंले हाम्रो अनुहार उज्यालो पार्नुभएन? के तपाईंले हामीलाई स्वर्गमा प्रवेश गराउनुभएन र आगोबाट बचाउनुभएन? स्वर्गवासीहरूको जवाफ सुनेपछि, अल्लाहले पर्दा हटाउनुहुनेछ र त्यसलाई माथि उठाउनुहुनेछ। अल्लाहको पर्दा नूर (प्रकाश) को हो। त्यसकारण, उनीहरूले अहिलेसम्म जेसुकै पाएका भए पनि, उनीहरूका लागि आफ्ना सर्वशक्तिमान प्रभुको दर्शन भन्दा बढी प्रिय अरू केही हुनेछैन।

http://sunnah.global/hadeeth/ne/show/8344